## मिति २०८१/११/२२ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

प्रमाणित प्रतिलिपि

(१) विभिन्न कार्यविधि सम्बन्धमा ।
(२) जलुके स्वास्थ्य चौकीको भवन पार्टेशन शिर्षक परिर्वतन सम्बन्धमा ।
(३) खयरभट्टी खोलाको गत आ.व.को नदिजन्य पदार्थ निकासी अनुमती सम्बन्धमा ।
(४) स्थानीय पूर्वाधार विकास सहयोग कार्यक्रम (LISP) तर्फका योजना कार्यान्वयन सम्बन्धमा ।
(५) गत आ.व.को भेडामारे सिमलपानी बौरी ढाव विकम सडक निर्माणको बैंक जमानत सम्बन्धमा ।
(६) योजनाको सम्झौता गर्ने म्याद थप गर्ने सम्बन्धमा ।
(७) रोजगार तर्फका योजना सम्बन्धमा ।
(८) "घ" वर्गको इजाजत सम्बन्धमा ।
(९) शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन प्रतिवेदन सम्बन्धमा

### निर्णयहरु

#### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा विधायन समितिबाट निर्णय भई आजको कार्यापालिका बैठकमा पेश भएका तपशिल बमोजिमका निर्देशिका, कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदी उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८१
(ख) उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१
(ग) स्थानीय पूर्वाधार आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१

#### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा पन्ध्रौं नगरसभाबाट चालु आ.व.को लागि वजेट विनियोजन हुँदा जलुके स्वास्थ्य चौकी भवन मर्मत तथा पार्टेशन शिनपा ७ भनि रु ३,००,०००।- वजेट विनियोजन भएकोमा सो रकमबाट भवन मर्मत सुधार गर्नु पर्ने भएकोले पार्टेशन लाई हटाई जलुके स्वास्थ्य चौकी भवन मर्मत भनि शिर्षक कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

#### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाका वडा नं. ११ मा रहेको खयरभट्टी खोलाको नदीजन्य पदार्थ गत आ.व.मा उत्खनन्, संकलन र विकी गर्ने कार्यको ठेक्का तिवारी निर्माण सेवाको नाममा स्वीकृत भई अधिक वर्षा, बाटोको समस्याले अवरोध भई निकासी गर्न नसकीएको नदीजन्य पदार्थ सोही क्षेत्रको दुर्गा बहादुर काउछाको जग्गामा डम्पीङ्ग गरी राखेकोमा बुद्धभुमी न.पा. गौतमबुद्ध साझेदारी वनसँग समन्वय गर्दा निकास नदिएकोले निकास दिलाई लैजान पाउँ भनि निवेदन दिएको सन्दर्भमा मिति २०८१/८/२७ को कार्यपालिका बैठकबाट समेत उक्त क्षेत्रमा डम्पीङ्ग नदीजन्य पदार्थ मध्ये लैजान बाँकी ७२०० घ.मी नदीजन्य पदार्थ उक्त व्यवसायीलाई दिने र बाँकी जफद गर्ने भनि निर्णय भएकोमा सो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान

आयोगको कार्यालय, बुटवलमा परेको उजुरी र यस कार्यालयबाट पठाईएको जवाफ पश्चात सो कार्यालयबाट समेत स्थलगत अनुगमन भएको अवस्था छ । व्यवसायीको डम्पीङ्ग प्रमाणित गरी रहेको विविध समस्याले हाल सम्म लैजान नसकेको उक्त ७२०० नदीजन्य पदार्थ बाटोको उचित प्रवन्ध मिलाई लैजान अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. देखि कार्यान्वयन सुरु हुन लागेको स्थानीय पूर्वाधार सहयोग कार्याकम (LISP) तर्फका योजना कार्यान्वनका सन्दर्भमा मिति २०८१/१०/२७ गतेको बैठकबाट भएको निर्णयमा केही खण्डहरु खुलाउनु पर्ने भएकोले तपशिल अनुसार खण्ड तथा क्षेत्र थप गरी पूर्व निर्णय अनुसार कार्यान्वयन प्रकृया छिटो अगाडी बढाउने निर्णय गरियो ।

**तपशिल**

(क) चाक्ला-जुकेना- ठूलाढुङ्गे- बरौला सडक स्तरोन्नती कार्य (रातामाटा गल्दा र ठूलाढुन्ग्रे खण्डमा काम गर्ने)

(ख) भर्लावास- मुसियान- ढाव- छेडा- पाल्लेपानी- सितापुर सडक स्तरोन्नती कार्य (पाल्लेपानी र मुसियान भलासिख खण्डमा काम गर्ने) साथै उक्त सडक योजनाको लागि पन्ध्रौं नगरसभाबाट भर्लावास मुसियान ढाव भनि रु १० लाख विनियोजन भएकोमा उक्त सडकको नाम थप गरी भर्लावास मुसियान ढाव छेडा पाल्लेपानी सितापुर सडक कायम गर्ने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८१/९/४ गतेको कार्यपालिकाको बैठकबाट यस शितगंगा नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक कार्यकम अनुसार भेडामारे सिमलपानी बौरी चिदिचौर हुदै ढाव पावर विकम सडक स्तरोन्नती गर्ने कार्यको लागि गोमा एण्ड देव निर्माण तथा ढुवानी सेवा प्रा.लि.टोखा न.पा. ९ काठमाण्डौंसँग भएको सम्झौता सहजताको आधारमा तोड्ने निर्णय भएकोमा सो कार्यको लागि उक्त निर्माण व्यवसायीबाट सम्झौताको लागि पेश भएको रु १०,१५,०००।- को नेपाल बैंक लि. चन्द्रौटा शाखाको Performance Guarantee जफत गरी उक्त फर्मलाई नियमानुसार कालो सुचिमा राख्न सिफारिस गर्ने र उक्त रकम कार्यालयको बैंक खातामा दाखिला गरेमा Performance Guarantee फुकुवाको सिफारिस गर्ने गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा उपभोक्ता समितिसँग योजनाको सम्झौता गर्ने म्याद पूर्व कार्यपालिका बैठकको निर्णयबाट माघ मसान्त सम्म तोकेकोमा विविध कारणले उक्त समय भित्र सबै योजनाहरुको सम्झौता हुन नसकेकोले सम्झौता अवधि थप गरी सम्बत २०८१ साल फागुन मसान्त सम्म कायम गर्ने र प्र.म.रोजगार कार्यकम तर्फका बाहेक अन्य योजनाहरुको उपभोक्ता समितिबाट कार्यान्वयन तथा फरफारकको समयावधि सम्बत २०८२ साल बैशाख मसान्त सम्म कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व.मा रोजगार तर्फ प्राप्त वजेट बाट कार्यान्वयन गर्ने योजनामा वडा नं. १, ४ र ८ का केही योजनाहरु पन्ध्रौ नगर सभाको वार्षिक कार्यक्रममा तथा पूर्व कार्यपालिका बैठकमा समेत छुटेकोले तपशिल बमोजिमको योजना प्रधानमन्त्री रोजगार तर्फ समावेश गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

(क) तल्ला ढाड देखि राजारानी गुफा जाने पदमार्ग निर्माण शि.न.पा. १

(ख) चौपारी मिलनचोक घैयाचौर मो.वा. नाली सफा गर्ने शि.न.पा. १

(ग) शिनपा ४ भित्रका विभिन्न मो.वा. मर्मत सुधार, चौपारी निर्माण, बाटो नाली कटिङ्ग, झाडी सफाई कार्यक्रम शि.न.पा. ४

(घ) तिनखण्डे पक्की नाली सफाई, कच्ची नाली निर्माण तथा बाटो विस्तार, गोरेटो स्तरोन्नती शि.न.पा. ८

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुर्‍याई सोही कार्यविधिको परिच्छेद तीन बमोजिम मुल्याङ्कन समितिबाट समेत सिफारिस भई कार्यपालिका समक्ष पेश हुन आएको तपशिल अनुसारको फर्मलाई “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

*तपशिल*

(क) संचालक शितगंगा नगरपालिका वडा नं. ७ निवासी श्री बलिभद्र पाण्डे रहेको **सिद्धार्थ कन्स्ट्रक्सन शितगंगा नगरपालिका वडा नं. ४ अर्घाखाँची** नामक “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन प्रतिवेदन, २०८१ नगर शिक्षा समितिमा पेश भई पारित भएर आजको बैठकमा पेश भयो । उक्त पेश भएको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन प्रतिवेदन, २०८१ स्वीकृत गर्ने र अन्य प्रकृया विद्यालय समायोजन, शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम आवश्यक सवै प्रकृया कार्यालयले तत्काल अगाडी बढाउने र सो कममा सवै पक्ष बाट आवश्यकता अनुसार कार्यालयलाई समन्वय र सहयोग गर्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।